# सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग, पुल्चोक ललितपुर

## प्रेस विज्ञप्ति

(विषयः अभियोग पत्र दायर गरिएको।)

प्रकाशित मितिः २०८२/९/१६

प्रहरी प्रधान कार्यालय, केन्द्रीय अनुसन्धान ब्युरोको च. नं. ५७५७ मिति २०८०/०८/१७ को पत्रबाट देउराली बहुउद्देश्यीय सहकारी संस्था लिमिडेड, सातदोबाटो समेतका समितिको अध्यक्ष रविन्द्र चौलागाई, राजेन्द्र खत्री, दिपक के.सी., पूजा खत्री र मनोज भण्डारीले देउराली बहुद्देश्यीय सहकारी संस्था लिमिटेड, सातदोबाटो र शाखा कार्यालयहरु न्युरोड, काठमाडौं र भक्तपुरमा समेत बचत रकम अपचलन गरी रविन्द्र चौलागाई समेतको नाममा काठमाडौं, भक्तपुर, ललितपुर, काभ्रेपलान्चोक र झापा जिल्ला लगायतका स्थानहरुमा घडेरी समेतका जग्गा जमिन खरीद गरेको, निजहरुको नाममा विभिन्न कम्पनी खडा गरी लगानी गरी सम्पत्ति शुद्धीकरणको कसुर गरेको हुन सक्ने भएकाले अनुसन्धान तथा कारवाहीका लागि भनी यस विभागमा प्राप्त उजुरी/सूचना उपर प्रारम्भिक जाँचबुझ तथा अनुसन्धान हुँदा **प्रतिबादीहरु रविन्द्र चौलागाई, पूजा खत्री र राजेन्द्र खत्री समेतलाई तत्काल प्रचलित सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ र संम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा (३) को उपदफा १ को (क),(ख) र (ग) विपरितको कसुरमा सोही ऐन**को दफा २९ समेतका आधारमा यी प्रतिवादीहरु जना-३ लाई बिगो रु. २,६८,५१,१६,४३१।५२ (दुई अर्ब अठ्सठ्ठी करोड एकाउन्न लाख सोह्र हजार चारसय एकतिस रुपैया पैसा बाउन्न मात्र) कायम गरी तत्काल प्रचलित सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा ३० को उपदफा (१) बमोजिम सजाय हुन साथै प्रतिवादीहरु रविन्द्र चौलागाई, पूजा खत्री र राजेन्द्र खत्री समेतले कसूरबाट आर्जन गरेको निजको नाममा रहेको घर जग्गासमेतका सम्पत्ति ऐ.दफा ३४ को उपदफा (१) को देहाय खण्ड (क) बमोजिम जफत गरी पाउन,

प्रतिवादी रविन्द्र चौलागाई सम्पत्ति शुद्धीकरण निवारण प्रयोजनार्थ सूचक संस्थाको रुपमा रहेको सहकारी संस्थाको अध्यक्ष र निजकी पत्नी पूजा खत्री सोही सहकारी संस्थाको उपाध्यक्ष पदमा रही कसूर गरेको देखिंदा निजहरु जना -२ का हकमा माथि मागदावी प्रस्ताव गरिएको दफा ३० को उपदफा (१) बमोजिम हुने सजायमा ऐ. उपदफा (७) बमोजिमको थप सजाय हुन, र

अर्का प्रतिवादी मनोज भण्डारीले सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा ३ को उपदफा (२) ले निषेधित तथा सोहि ऐनको दफा ३ को उपदफा ३ बमोजिम सम्पत्ती शुद्धिकरणको कसूर गरेको हुँदा निज प्रतिवादीलाई तत्काल प्रचलित सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ एवं सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा ३० को उपदफा (२) बमोजिमको सजाय हुन र निजको नाममा रहेका घर जग्गासमेतका सम्पत्ति ऐ. दफा ३४ को उपदफा (१) बमोजिम जफत गरिपाउन मागदावी लिई जिल्ला सरकारी वकील कार्यालय ललितपुरका सहायक जिल्ला न्यायाधिवक्ता वसन्त अर्यालको निर्णयले आज मिति २०८२/९/१६ गतेका दिन सम्मानित ललितपुर जिल्ला अदालत समक्ष सम्पत्ति शुद्धीकरण कसुर मुद्दाको अभियोग पत्र दायर भएको छ।

सूचना अधिकारी